**सभा सदस्यज्यूहरु,**

केराबारी गाउँपालिका गाउँ सभाको अठारौं अधिवेशनको पहिलो बैठकमा आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु । नेपालको विभिन्न समयमा भएका राजनैतिक आन्दोलनहरूका उपलब्धिहरूलाई संस्थागत गर्दै संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्थालाई सुदृढ गर्दै राष्ट्रको समृद्धिको यात्रामा मुलुक अगाडी बढीरहेको सन्दर्भमा २०८२ साल भाद्र २३ र २४ गते भएको नवयुवा पुस्ताहरूको असन्तुष्टि र विद्रोहले पनि नेपालको राजनीतिक इतिहासमा नयाँ परिस्थिति सृजना गरेको छ । राज्यसत्ता नयाँ पुस्तामा हस्तान्तरित भएको छ । देशको शासकीय स्वरुप र सुशासन लगायतका विषयमा आधिकारीक रुपमा संघीय सरकारले संविधान संशोधनका लागि बहस थालनी गरेको छ ।

नेपाल राष्ट्रको रक्षा, अग्रगमन तथा नेपाली नागरिकहरुको स्वतन्त्रता र अमनचयन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरुप्रति भाव पूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै श्रद्धेय अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

केराबारी गाउँपालिकाको आ. व. २०८३।०८४ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय तथा कोशी प्रदेश सरकारको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमका मुलभूत सिद्वान्त, उद्देश्य र प्राथमिकता तथा नेपाल सरकारको दिगो विकासका लक्ष्य, रणनीति र सोह्रौं योजनाका उद्देश्य, रणनीति तथा प्राथमिकता जस्ता विषयहरुको सैद्धान्तिक र व्यवहारिक पक्षहरूलाई आत्मसाथ गर्दै समृद्ध नेपाल र सुखी नेपालीको साझा संकल्प तथा केराबारीका आम नागरिकको आवश्यकता र मागलाई ध्यानमा राखि यो नीति तथा कार्यक्रम तर्जुमा गरिएकोछ ।

**गाउँ सभा सदस्यज्यूहरु,**

- नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि जनताको घरदैलोको सरकारको रुपमा स्थानीय तहहरु मार्फत जनताका अपेक्षा अनुसार विकास र समृद्धिका क्षेत्रमा ठुलो परिवर्तन भएको छ साथै केराबारी गाउँपालिका स्थानीय जनभावना अनुसार सुशासन विकास र समृद्धिको क्षेत्रमा निरन्तर क्रियाशिल रहेको छ।
- समानता, समावेशीकरण र सामाजिक न्यायको सुनिश्चितता सहित सबैखाले भेदभाव मुक्त समाज निर्माण तथा सुशासन र विकासको माध्यमबाट समृद्धि हासिल गर्ने केराबारी गाउँपालिकाको मुल नीति हुनेछ।
- श्रम संस्कृतिको उजागर गर्दै स्थानीय विकास निर्माणमा जनताको अधिकतम श्रम सहभागिता मार्फत कम नगद लागतमा श्रम मुलक योजनाहरु सञ्चालन गरिनेछ ।
- खोला नदि उकासमा रहेका तथा अन्य सार्वजनिक जग्गाहरुको पहिचान गरी सम्भाव्यताको आधारमा वृक्षारोपण तथा सामुहिक खेती गरी गाउँपालिकाको आन्तरिक स्रोतलाई मजवुत गर्दै लगिनेछ ।
- प्रविधिक लागत अनुमानलाई वस्तुगत र व्यबहारीक बनाउन योजना सम्झौता हुनुभन्दा अघि लागत अनुमान स्वीकृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमादेखि कार्यान्वयन हुँदै मूल्याङ्कनका चरणसम्म नै लैङ्गिक उत्तरदायी वजेटको अवधारणालाई आत्मसात गरिनेछ ।
- संघीय नीति वमोजिम भूमिहीन दलित/सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको समस्या समाधान गर्ने कामलाई उच्च प्राथमिकताका साथ अगाडि वढाइनेछ ।

**सभाका सदस्यज्यूहरु,**

अव म आगामी आ. व. २०८३।०८४ को लागि क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**(क) <u>पूर्वाधार विकासका नीतिहरु</u> :**

१. केराबारी गाउँपालिका केन्द्रसंग वडा केन्द्र जोड्ने मुख्य सडकहरुलाई गाउँपालिकाको रणनीतिक महत्वको आयोजनाहरुको रुपमा संघीय तथा प्रदेशिक सरकारसंग समन्वय गरी बहु बर्से योजनामा समाबेश गरी स्तरोन्नती गर्दै कालोपत्रे गरिदै लगिनेछ।

२. बहुसांस्कृतिक पार्क निर्माण तथा सामुदायिक वनक्षेत्र पर्यटन विकासलाई उच्च प्रथमिकता दिइनेछ ।

३. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु पारदर्शी र जनमुखी बनाउदै योजना फरफारकका लागि सम्बन्धित वडामा नै फायल रुजुगरी पालिका पठाउने ब्यबस्था मिलाई रकम भुक्तानीका लागि समितिले पालिका धाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ ।

४. अधुरा सडक तथा भवन निर्माणका योजनाहरु सम्पन्न गरिनेछ साथै जिर्ण अवस्थामा रहेका योजनाहरुको मर्मत सम्भार गरिदै लगिनेछ ।

५. पन्ध्र शैयाको पालिका अस्पताल लगायत अधुरा भवन तथा सडक योजनाहरु निर्माण सम्पन्न गरीनेछ।

६. नागरिकको शान्ति सुरक्षा र अमन चयनको सुनिश्चितताका लागि वडा तहमा अस्थायी प्रहरी चौकी भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

७. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको कार्यान्वयन प्रक्रियालाई सरलीकृत गर्दै लगिने छ ।

८. उपभोक्ता समितिका पदाधिकारीहरुलाई वडा तहमा योजना सञ्चालन अभिमुखीकरण तालिमको प्रवन्ध साथै तत्काल परामर्श सहजीकरणको व्यवस्था मिलाइनेछ ।

९. स्थानीय दर रेटलाई भुगोलको सापेक्षतामा पुनरावलोकन गरिनेछ ।

१०. श्रममुलक योजनाहरुमा खरिद ढुवानी बाहेकका काम स्थानीय श्रमदानबाट सम्पन्न गर्ने नीति लिईनेछ।

११. केराबारी गाउँपालिकामा सुविधा सम्पन्न रंगशाला तथा एक वडा एक खेलमैदान निर्माण गर्दै खेलकुद गतिविधिलाई प्रवर्धन गरिनेछ ।

१२. अधुरा तथा मर्मत सम्भार गर्नुपर्ने योजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गरीनेछ ।

१३. केराबारी वजार क्षेत्रमा बढ्दो यातायात चापलाई ध्यानमा राखि सुविधा सम्पन्न बसपार्क निर्माण कार्यलाई विशेष प्रथमिकता दिइनेछ ।

१४. पालिकाका बाँकी रहेका वडा कार्यालय भवनहरु क्रमशः निर्माण गरिनेछ ।

१५. पुर्वाधार विकासका योजनाहरुको लागत अनुमान तयार गर्दा अनिवार्य रुपमा सरोकारवालाहरु संग स्थलगत छलफल र परामर्श गरीनेछ ।

१६. ठुला प्रकृतिका पूर्वाधारजन्य आयोजनाहरुको अनिवार्य रुपमा पूर्व सम्भाव्यता अध्ययन/ वातावरण प्रभाव मूल्यांकन तथा डि.पि.आर. तयार गरिनेछ ।

१७. सडक निर्माण गर्दा व्यवसायिक क्षेत्रमा ढल निकास, अन्य मैदान क्षेत्रमा एजिङ र पहाडी क्षेत्रमा भित्ता तर्फ ड्रेन सहित पक्की संरचना निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

१८. वर्षायाम (जेष्ठ, असार र साउन) मा पहाडी क्षेत्रमा माटो काट्ने र ट्र्याक खोल्ने काम पूर्ण रुपमा वन्द गरिने नीति लिइनेछ ।

१९. बजार क्षेत्रका भित्री बाटाहरुमा पेवल ब्लकबाट बाटोको निर्माण कार्यलाई निरन्तरता दिदै स्थानीयको सहभागितामा सडक सौन्दर्यीकरण गर्दै लगिनेछ।

२०. सडक पुगेका, बस्ती विकास भएका क्षेत्रहरु जोड्ने खोला नदिमा पक्की तथा झोलुङ्गेपुल निर्माणमा जोड दिइनेछ साथै अन्तर्पालिका जोड्ने यस्ता संरचनाहरुको निर्माणमा सम्बन्धित पालिकासंग समेत साझेदारीको नीति लिइनेछ ।

२१. संघीय तथा प्रादेशिक सरकारबाट संचालन हुने योजनाहरु समयमै सम्पन्न गर्न सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

२२. सिँचाईको दिगो व्यवस्थापनका लागि उपभोक्तासँग साझेदारीको नीति अवलम्वन गरी एकिकृत सिंचाई प्रणालीमा जोड दिइनेछ ।

२३. राष्ट्रिय सडक सुरक्षा नीतिलाई कार्यान्वयन गर्दै सडक क्षेत्रभित्र रहेका विद्युत पोलहरु हटाई सडक सुरक्षा र सवारी दुर्घटनालाई न्युनिकरण गरिनेछ ।

२४. सञ्चारमा सहज पहुँच स्थापित गर्न आवश्यक स्थानहरुमा GSM टावर निर्माणका लागि विशेष पहल गरिनेछ।

२५. नागरिक सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै केराबारी गाउँपालिकाका प्रमुख बजार क्षेत्रहरुमा सिसी क्यामेरा जडान गरी आपराधिक गतिविधि न्यूनिकरणमा जोड दिइनेछ ।

२६. केराबारी गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वच्छ खानेपानीका लागि मुहानहरूको संरक्षण गरी पानीको गुणस्तर कायम गर्दै शहरी खानेपानी आयोजना मार्फत खानेपानीको दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

२७. जलधार क्षेत्र, चुरे क्षेत्रमा रहेका पानीका मुहान र स्रोतहरुको संरक्षण तथा व्यवस्थापनका लागि पालिकाका विभिन्न स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

### (ख) सामाजिक विकास सम्बन्धी नीति

#### ख.१. शिक्षा, युवा तथा खेलकुद :

२८. विद्यालय शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा व्यक्तिगत बैंक खाता मार्फत गरीने ब्यबस्था मिलाईने छ ।

२९. शैक्षिक वर्ष २०८३ लाई “विद्यालय सिकाई सुधार वर्ष” का रुपमा मनाइने छ ।

३०. शिक्षकहरुलाई समयानुकुल क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाइने छ ।

३१. शिक्षक व्यवस्थापन तथा भाषा शिक्षक अनुदानलाई निरन्तरता दिईने छ ।

३२. आधारभूत तहको पालिका स्तरीय परीक्षालाई थप व्यवस्थित गरिने छ ।

३३. केराबारीमा सञ्चालित खदम क्याम्पसलाई बहुमुखी बनाई थप सुदृढीकरण गरिनेछ ।

३४. सामुदायिक विद्यालयका प्र.अ. हरुलाई थप जिम्मेवार वनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

३५. विद्यालयहरुको उत्कृष्ट नतिजाका आधारमा विद्यालय र विद्यार्थीलाई प्रोत्साहन गरीनेछ ।

३६. शिक्षा सम्बन्धी आवधिक योजना (विद्यालय शिक्षा क्षेत्रको योजना २०८२-२०९१, केराबारी गाउँपालिका) लाई अवलम्बन गरिनेछ ।

३७. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्यबिधि, विद्यालय नक्साङ्कन र सम्भाव्यता अध्ययन समेतको आधारमा कक्षा वा तह घटाउने, एक आपसमा समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३८. न्यून शिक्षक दरबन्दी भएका तथा संघीय र प्रदेश सरकारबाट शिक्षक अनुदान प्राप्त नगरेका र माध्यमिक विज्ञान विषय संचालन भएको विद्यालयको अनुदानलाई निरन्तरता दिदै कक्षा ११ र १२ सञ्चालित विद्यालयहरुको शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।

३९. पालिका स्तरमा रहेको गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र शिक्षा शाखा मार्फत सूचकमा आधारित विद्यालय सुपरिवेक्षणको व्यवस्थालाई निरन्तरता दिईने छ ।

४०. "जनप्रतिनिधिसँग विद्यार्थी कार्यक्रम" संचालनमा ल्याइने छ ।

४१. विद्यालय दिवा खाजा कार्यक्रमलाई पोषण-मैत्री तथा स्थानीय उत्पादनसँग जोड्दै लगिनेछ ।

४२. प्रत्येक विद्यालयहरुमा सूचना र प्रविधिको सिकाई अभिवृद्दि गर्न क्रमशः ICT कक्षा कोठा संचालन दक्ष जनशक्तिबाट गरिदै लगिनेछ ।

४३. शिक्षक बैंकको ब्यबस्थापन मिलाईने छ ।

४४. स्थानीय पाठ्यक्रमको समय सापेक्ष परिमार्जन गरिने छ।

४५. अनाथ/ असहाय र जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

४६. वालकक्षा सहजकर्ता र विद्यालय कर्मचारीलाई नेपाल सरकारले उपलव्ध गराएको पारिश्रमिकमा समयसापेक्षित रुपमा समायोजन गरी न्युनतम पारिश्रमिक पाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४७. संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्दि तथा अभिभावकको सहज पहुँच कायम हुने गरी प्रभावकारी समन्वय तथा नियमित अनुगमन र नियमनको व्यवस्था मिलाइनेछ ।

४८. हरेक विद्यालयमा शिक्षक विद्यार्थीको आचारसंहिता निर्माण तथा कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

४९. विद्यालय सरसफाइ तथा फुलवारी, करेसाबारी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

५०. लागत साझेदारीका आधारमा विद्यालयको पुर्वाधार निर्माण गर्ने व्यवस्था मिलाइने छ ।

५१. एक माध्यमिक विद्यालय, एक विद्यालय नर्सको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५२. सामुदायिक सिकाई केन्द्रको परिचालन मार्फत अभिभावक साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

५३. समुदायमा आधारित वाल विकास केन्द्र विद्यार्थी संख्याको आधारमा मर्ज गरिनेछ ।

५४. विद्यार्थीको सिकाई क्षमता विकासका लागि अतिरिक्त सह-क्रियाकलापलाई प्राथमिकता दिइनेछ ।

५५. सवै सामुदायिक विद्यालयहरुमा विद्युत आपुर्ति र इन्टरनेटको सुनिश्चितता गरिनेछ ।

५६. सिकाई अनुभव आदान-प्रदान गरिने व्यवस्था मिलाइने छ ।

५७. विद्यालयमा अतिरिक्त कृयाकलापलाई विशेष जोड दिदै माध्यमिक विद्यालयहरुमा खेलकुदको घुम्ती प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

५८. पालिका अध्यक्षकप फुटबल प्रतियोगिता लगायतका साँस्कृतिक महोत्सव झल्काउने मच्छिन्द्र कप, जेफाले कप, कालापानी कप, लोसार कप, कुसुमे साइनिङ कप, पाटीगाउँ कप लगायत अन्य खेलकुद कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

५९. **"एक वडा, एक खेल मैदान"** निर्माणको कार्य क्रमशः अघि बढाइनेछ ।पालिकाको खेलमैदान स्तरोन्नती गरिनेछ साथै खेल क्षेत्रको संस्थागत विकास नीति अबलम्बन गरिनेछ ।

६०. विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनिटरी प्याड वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६१. सबै विद्यालयमा स्वच्छ खानेपानी र सफा शौचालयको सुनिश्चितता गरिनेछ ।

**ख.२. स्वास्थ्य**

६२. पालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट दक्ष स्वास्थ्यकर्मीहरुद्वारा आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।

६३. अध्यक्षसँग जेष्ठ नागरिक तथा अशक्त अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारलाई निरन्तरता दिइनेछ ।

६४. गर्भवती आमाहरुलाई संस्थागत तथा सुरक्षित प्रसुती गराउन **उपाध्यक्षसँग सुरक्षित सुत्केरी प्रोत्साहन कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

६५. पालिका अस्पतालबाट सञ्चालन हुने सेवालाई थप प्रभावकारी तथा गुणस्तरीय र सर्वसुलभ बनाउन अत्याधुनिक औजार तथा उपकरणको प्रवन्ध मिलाइनेछ ।

६६. स्वास्थ्य विमा फार्मेसीलाई व्यवस्थित रुपमा सञ्चालन गरीनेछ ।

६७. गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुको सञ्चालनलाई निरन्तरता दिइनेछ ।

६८. बर्थिङ सेन्टरहरुमा आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षाको सुनिश्चितताको लागि निःशुल्क Maternity care Unit संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६९. स्वास्थ्य बिमा कार्यक्रमलाई सबै नागरिकको पहुँचमा पु-याउनका लागि **"हाम्रो स्वास्थ्य हाम्रो बीमा, जटिल रोगको छैन सिमा"** भन्ने नाराका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै अति विपन्न, अशक्त, अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य विमा अनुदानको व्यवस्था मिलाइनेछ ।

७०. क्षयरोगमुक्त पालिका अभियानलाई निरन्तरता दिइनेछ ।

७१. पोषण मैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७२. वैकल्पिक चिकित्सा प्रणाली विस्तार गरी आयुर्वेद तथा जडिबुटीहरुको प्रबर्धन गरिनेछ ।

७३. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने मुल नारालाई कार्यान्वयन गर्न नसर्ने रोगको रोकथाम तथा न्युनिकरण गर्न खानपान तथा जीवनशैली परिवर्तन तथा रोग पहिचान तथा उपचारमा जोड दिइनेछ ।

७४. जेष्ठ नागरिक केन्द्रित विशेषज्ञ स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

७५. नागरिक आरोग्य सेवा केन्द्र संचालन गरी शारीरिक तथा मानसिक स्वास्थ्यलाई सुदृढ गर्न योग तथा ध्यान शिविरहरु संचालनमा विशेष जोड दिइनेछ।

७६. बालबालिकाहरुलाई दिईने नियमित खोप कार्यक्रमलाई थप ब्यवस्थित गर्दै नियमित रुपमा पूर्ण खोप सुनिश्चित भएको पालिका घोषणा गरीनेछ ।

७७. पालिका अस्पतालबाट आँखा तथा कानको उपचार सेवालाई निरन्तरता दिइने छ ।

७८. लागु औषध दुर्व्यसनी विरुद्द निरोधात्मक र उपचारात्मक उपायहरुको अवलम्बन गरिनेछ । यसका लागि दक्ष जनशक्ति र साधन सम्पन्न साझेदारहरुसंग सहकार्यलाई निरन्तरता गरिनेछ ।

७९. स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु गरी नागरिकको स्वास्थ्य सम्बन्धि चेतना वृद्दि गरिने छ ।

८०. खानेपानीको नियमित गुणस्तर परिक्षण साथै स्वच्छ खानेपानीको सुनिश्चित गर्दै सरसफाइ प्रवर्द्धन कार्यक्रमका लागि सरोकारवाला संस्थाहरुसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

८१. किटजन्य रोग तथा अन्य प्रकोप र महामारीको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८२. महिलाहरुमा हुने स्तन तथा पाठेघरको क्यान्सरको पहिचान तथा उपचारमा जोड दिइनेछ ।

८३. समुदाय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गरी जुनेटिक रोगको रोकथाम तथा नियन्त्रणमा जोड दिइनेछ ।

८४. मानसिक समस्या तथा आत्महत्या रोकथाम सम्बन्धी मनोविमर्श सेवा तथा कार्यक्रम संचालन गरिनेछ ।

**ख.३.लैङ्गिक समानता, सामाजिक सुरक्षा र समावेशिकरण**

८५. केराबारी गाउँपालिकालाई वालमैत्री स्थानीय शासन युक्त पालिका घोषणाका लागि सूचकमा आधारीत कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८६. बालबालिकाको वस्तुगत विवरण तयार गरी बाल क्लब तथा बाल संजाललाई प्रभावकारी र गतिशिल बनाउदै लगिने छ ।

८७. महिलाहरुको नेतृत्व विकास तथा क्षमता अभिबृद्दी गर्न उपाध्यक्षसंग छात्रा कार्यक्रम साथै युवा महिलाहरुको लागि सीप विकास तालिम सञ्चालनले निरन्तरता पाउने छ।

८८. समाजमा विद्यमान कुरीति, लैङ्गिक हिंसा, विभेद, छुवाछुत जस्ता पछौटेपनलाई न्युनीकरण गर्न ठोस कार्यक्रमहरु ल्याईने छ ।

८९. "जेष्ठ नागरिकहरु हाम्रा अभिभावक हुन" भन्ने भनाईलाई साकार पार्न जेष्ठ नागरिक सम्मान तथा तिर्थाटन कार्यक्रम आयोजना गरिने छ ।

९०. वालविबाह मुक्त पालिका घोषणाका लागि आवश्यक कार्यक्रम ल्याईनेछ ।

९१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ ।

९२. अपाङ्गता भएका व्यक्ति, बालबालिका र जेष्ठ नागरिकहरुको संस्थागत संरचना विकास, सवलिकरण, सेवा प्रवाह र सुदृढिकरण गरिनेछ ।

९३. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९४. जातिय भेदभाव तथा छुवाछुत मुक्त पालिका घोषणा गरिनेछ ।

९५. आदिवासी जनजातीहरुको भाषा, संस्कार, संस्कतिको संरक्षण र विकासमा विशेष जोड दिइनेछ ।

९६. दलित, महिला तथा फिछडीएको वर्गको सामाजिक तथा आर्थीक शसक्तिकरण गरिनेछ ।

९७. उपाध्यक्षसंग छात्रा तथा उपाध्यक्षसंग महिला कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन" अति विपन्न नागरिक पहिचान गरी खाद्य सुनिश्चितता गरिनेछ ।

९९. लैङ्गिक हिंसामा परेका महिला, वालबालिकाको सुरक्षाका लागि आवश्यक कोषहरुको व्यवस्था गरिनेछ ।

**ख.४.खानेपानी तथा सरसफाई :**

१००. स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि पहाडी क्षेत्रमा श्रोत मुहान संरक्षण, वृक्षारोपण, रिजर्व तथा रिचार्ज पोखरी निर्माण गरी खानेपानीको आपुर्तीको व्यवस्था मिलाईने छ ।

१०१. पहाडी भेगमा आवश्यकता अनुसार मुहान संरक्षण, टंकी निर्माण, मर्मत तथा पाईप विस्तार क्रमशः गर्दै लगिनेछ ।

१०२. शहरी खानेपानी आयोजनालाई सम्पन्न गर्न विशेष जोड दिईने छ ।

१०३. गाउँपालिकाभित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकृत गरिनेछ।

१०४. फोहरमैला ब्यबस्थापनका लागि फोहरको वर्गिकरण, संकलन, डम्पिङ, पुनः प्रयोग तथा विसर्जनलाई दिगो व्यवस्थापन गर्दै लगिनेछ ।

**१०५.** फोहरमैला संकलन तथा व्यवस्थापन सेवालाई विस्तार गरिनेछ ।

**(ग) आर्थिक विकास सम्वन्धी नीति**

**ग.१.कृषि तथा सहकारी**

१०६. व्यवसायिक किसानहरुलाई प्रकोप जोखिमबाट वचाउन पशुपंक्षी तथा वाली बिमा कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

१०७. किसान सूचिकरण तथा परिचयपत्रका आधारमा किसान लक्षित सेवा प्रवाह गरिनेछ ।

१०८. माटो परिक्षण तथा प्रोफायल तयार गरी माटो अनुकुल कृषि प्रणालीलाई जोड दिइनेछ ।

१०९. कृषि उपज संकलन केन्द्र तथा कृषि बजार संचालनमा ल्याईनेछ ।

११०. साप्ताहिक हाट बजारहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१११. किसानको कृषि उत्पादनलाई बजारसम्म सहज पहुँचका लागि सहकारी सस्था संगको लागत साझेदारीमा कृषि एम्बुलेन्सको व्यवस्था गरीनेछ ।

११२. वन्यजन्तु व्यवस्थापन तथा वन क्षेत्रलाई कृषि उत्पादन संग जोड्न गाँउपालिका, सामुदायीक वन उपभोक्ता समिति साथै डिभिजन वन कार्यालयको सहकार्यमा कृषि वन तथा वन पर्यटन कार्यक्रमलाई विशेष जोड दिइनेछ।

११३. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको असर न्युनिकरण गर्न साथै कृषकहरुलाई जलवायु अनुकुलन कार्य गराउन जलवायु अनुकुलन कृषि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११४. वन क्षेत्रमा वन्यजन्तुका लागि आहाराजन्य फलफुल तथा वनस्पती वृक्षारोपण, पानी पोखरी निर्माण गरी बाँदर तथा अन्य वन्यजन्तुबाट किसानको बाली क्षती न्युनीकरण गरीनेछ ।

११५. किसान जागरणका लागी कृषि मेला प्रदर्शनी, उत्कृष्ठ कृषि उद्दमी पुरस्कृत, बिभिन्न दिवस कार्यक्रम जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि मेला प्रदर्शनीको स्वरुप परिवर्तन गरी कृषि, पशु पंक्षी, रोजगार, घरेलु उद्यम साथै समग्र आर्थिक क्षेत्र समेट्ने गरी बृहत मेला आयोजना गरिनेछ।

११६. चैते धान बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

११७. कृषि उत्पादन सामाग्रीहरु, सुधारिएका औजार उपकरणहरु किसानहरुसंगको लागत साझेदारीमा वितरण गरिनेछ ।

११८. कृषि उद्यम प्रवर्धनका लागि स्थानीय सहकारी तथा वित्तिय संस्थाहरुसंग सहकार्यमा जोड दिइनेछ ।

११९. गाँउपालिकाले सञ्चालन गरेको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्रले उत्पादन तथा वितरणलाई निरन्तरता दिदै किसानहरुलाई सिप तथा प्रविधि हस्तान्तरण गरीनेछ ।

१२०. प्राकृतिक तथा जैविक खेती बिस्तार गरिनेछ ।

१२१. उत्पादनमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रमको थालनी गरीनेछ ।

१२२. मजबुत सहकारीका लागी सहकारीहरु बिच एकिकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. कृषिजन्य बस्तुको मुल्य श्रृङ्खलामा उत्पादक कृषक तथा सहकारी संस्थालाई परिचालन गरिने छ ।

१२४. कृषि उत्पादन सामाग्रीहरु सहज उपलब्धता तथा उत्पादित सामाग्रीहरुको बजारिकरणको ब्यबस्था मिलाईनेछ । समग्र सहकारीहरुको क्षमता अभिबृद्धी संग सम्बन्धित कार्यक्रम ल्याईने छ भने

१२५. सहकारी अनुगमनको कार्यलाई नियमित तथा व्यवस्थित गरिनेछ ।

**ग २. पशुपन्छी तथा मत्स्य :**

१२६. पशुपन्छीमा लाग्ने रोगको पूर्ण निःशुल्क उपचारको ब्यवस्था मिलाईनेछ ।

१२७. दुग्ध तथा दुग्धजन्य पदार्थको संकलन तथा बिक्री वितरणका लागि सहकारी संस्थाहरुलाई परिचालन गरिनेछ साथै उत्पादनमा आधारीत प्रोत्साहन अनुदानको प्रारम्भ गरिनेछ ।

१२८. पशुपंक्षीको प्रकोप नियन्त्रण र रोगथामका लागि खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२९. सडक गल्लीमा रहेका छाडा भुस्याहा कुकुरहरु नियन्त्रण गर्न कुकुर दर्ता तथा संकेत नम्बर सहितको बन्ध्याकरण अभियानलाई स्थानीय निजी पशुसेवा व्यबसायी र पशु विज्ञान शिक्षालयसंगको साझेदारीमा भुस्याहा कुकुर न्युनिकरण गरिनेछ ।

१३०. लागत साझेदारीमा पशुको उन्नत नश्ल सुधारका लागि कृतिम गर्भाधान प्रबर्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३१. भैसी, भेडा, बाख्रा प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. पशुपालक कृषकहरुलाई लागत साझेदारीमा औजार तथा प्रविधि वितरण गरीनेछ ।

१३३. किसान तथा कृषि सहकारी संस्थाहरुसंग लागत साझेदारीमा पशुपंक्षीपालन कार्यक्रम सञ्चालन गरी अण्डा तथा मासुमा आत्मनिर्भर पालिका बनाईनेछ ।

**ग ३.उद्यम विकास :**

१३४. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमि सृजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३५. सम्भाव्य लघु उद्यमी पहिचान गरी उद्यमशीलता विकास तालिम संचालन गरिनेछ ।

१३६. लघुउद्यमीले छनोट गर्न चाहेको उद्यमको व्यवसायिक सम्भाव्यताका आधारमा योजना बनाउन सहजीकरण गरिनेछ ।

१३७. लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण साथै व्यवसायिक कर्जाका लागि स्थानीय बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण गरिनेछ।

१३८. उद्यम विकास कार्यक्रमलाई विषयगत शाखा र वडा कार्यालयहरुसँग कार्यक्रमिक समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१३९. आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सिप विकास तालिम संचालन गरिने छ ।

**ग ४. राजस्व :**

१४०. राजस्व संकलनमा सर्वसाधारणलाई जिम्मेवार बनाउन करदाता शिक्षा अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१४१. बजार अनुगमनलाई नियमित गरी व्यवसायीहरुलाई करको दायरामा समिटिनेछ ।

१४२. राजस्व सङ्कलनलाई अनलाईन प्रणालीमा आबद्ध गरिनेछ ।

१४३. आन्तरिक स्रोत परिचालनमा नयाँ सम्भावनाहरुको खोजी र उपयोग गरिनेछ ।

१४४. पालिका भित्र संचालित सेवा, व्यवसायहरुलाई अनिवार्य दर्ता गरी गराई करको दायरामा ल्याइनेछ ।

**ग ५. पर्यटन :**

१४५. गाउँपालिकाको पर्यटन विकासको गुरुयोजना अनुसार क्रमशः लगानी गरी स्थानीय आर्थीक विकासमा जोड दिइनेछ ।

१४६. पालिका भित्रका पर्यटकीय क्षेत्रहरु जोड्ने पदमार्गको पहिचान र विकास गरिनेछ ।

१४७. स्थानीय स्तरमा रहेका प्रतिभाहरुलाई प्रवर्धन गर्न केराबारी आइडलाई निरन्तरता दिइनेछ ।

१४८. केराबारी बजार भ्यु पोइन्टलाई बहु-साँस्कृतिक पार्कको रुपमा विकास गरी आन्तरिक पर्यटन अभिवृद्दि गरिनेछ ।

१४९. स्थानीय कला, संस्कृति र साहित्यको संरक्षण र विकासमा जोड दिइनेछ।

१५०. पर्यटन क्षेत्र र यसको पूर्वाधार विकासका लागि स्थानीय संघ, संस्था, समुदायका साथै प्रदेश र संघीय सरकारसंग सहकार्य गरिनेछ ।

१५१. सञ्चालनमा रहेका होमस्टेहरुलाई सुसस्कृत र व्यवस्थित गर्न क्षमता अभिबृद्दी गरीनेछ ।

१५२. केराबारीका पर्यटकीय स्थलहरुको प्रवर्धनका लागि पर्यटन प्रोफाईल तथा प्रचार प्रसार गरिनेछ ।

**ग ६. रोजगार :**

१५३. पालिका स्तरमा बृहत रोजगार सम्मेलन आयोजना गरी युवा स्वरोजगारका सम्भावनाहरुको खोजी, कृतिम वौद्दिकता तथा सूचना प्रविधिका क्षेत्रहरुमा युवाहरुलाई स्वरोजगार बनाईनेछ ।

१५४. राष्ट्रिय रोजगार कार्यक्रम मार्फत विकास आयोजनाहरुको मर्मत तथा सञ्चालन गरीनेछ ।

१५५. सामुदायिक विकासका लागि युवा परिचालन गरी श्रम संस्कृतिको विकासमा जोड दिइनेछ ।

१५६. विकास योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ |

१५७. "**श्रमको सम्मान, राष्ट्रको अभियान**" भन्ने नारालाई आत्मसाथ गर्दै कामको सम्मान गर्ने परिपाटीको विकासमा जोड दिइनेछ |

१५८. स्थानीय सीप तथा प्रविधिमा आधारीत योजनाहरु सञ्चालन गर्न स्थानीय उपभोक्ताहरुलाई ढुंगा सोलीङ, तारजाली भर्ने, पर्खाल लगाउने सम्बन्धि ब्यबहारीक तालिम आयोजना गरी स्वरोजगार बनाईनेछ ।

१५९. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने तथा स्थानीय तहबाटै श्रम स्वीकृती गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१६०. रोजगारीका सम्भावनाहरुको खोजी गरी युवा वेरोजगारको संख्यामा न्यूनीकरण गर्दै लगिनेछ ।

१६१. वैदेशिक रोजगारीवाट फर्कीएका श्रमिकहरुको सीप र पूँजिको अधिकतम प्रयोग गरी स्वरोजगार बनाउन मलेसिया लगायत खाडी मुलुकमा कार्यरत श्रमिक तथा तिनका परिवार तथा वैदेशिक रोजगारीवाट फर्कीएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक पुनःएकिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

१६२. वैदेशिक रोजगारीवाट फर्कीएका व्यक्ति तथा तिनका परिवारले संचालन गरेका उद्यम तथा व्यवसायलाई प्रोत्साहन गर्न सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१६३. रेमि परियोजना अन्तर्गत लक्षित व्यक्तिहरुलाई विविध क्षेत्रगत सम्भाव्यता अध्ययन गरी आवश्यक व्यवसायिक तथा सीपमुलक तालिम लगायत प्रविधि सहयोग उपलव्ध गराइनेछ ।

१६४. वैदेशिक रोजगारवाट फर्कीएका व्यक्ति वा तिनका परिवारलाई सहयोगार्थ आपतकालिन राहत कोष निरन्तर सञ्चालन गरिनेछ ।

१६५. वैदेशिक रोजगारीवाट फर्केका व्यक्ति र परिवारको सामाजिक तथा आर्थीक पुनः एकिकरण कार्यक्रम मार्फत मनोसामाजिक स्वास्थ्य, सामाजिक अन्तरघुलन तथा आर्थिक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

१६६. वैदेशिक रोजगारवाट फर्कीएका व्यक्ति वा तिनका परिवारमा हुनसक्ने सामाजिक समस्या जस्तै हिंसा, लाल्छना, पारिवारिक विखण्डन जस्ता समस्याहरुलाई पहिचान गरी समस्या समाधानका लागि परामर्श गरिनेछ ।

१६७. वैदेशिक रोजगारीमा रहेका व्यक्ति वा तिनका परिवारका सदस्यहरुले विप्रेषण (Remittance) लाई उत्पादनमुलक र रोजगारमुलक क्षेत्रमा प्रयोगको लागि अभिप्रेरीत गरिनेछ ।

**(घ) <u>वातावरण तथा विपद व्यवस्थापनः</u>**

१६८. चुरे क्षेत्रको संरक्षण तथा विकासका साथै नदीजन्य पदार्थ आई.ई.ई भएका खोलाक्षेत्र बाहेकका स्थानहरुमा उत्खनन गर्न रोक लगाईनेछ ।

१६९. नदीजन्य पदार्थको अवैध उत्खनन् र चोरी निकासीलाई निरुत्साहित गर्न सहयोग गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत/प्रोत्साहन गरिनेछ ।

१७०. केराबारी गाउँपालिकाको विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७१. बैकल्पिक उर्जालाई प्रोत्साहन गरिनेछ, ग्रामिण बिद्युतिकरणको विस्तार गर्ने कार्यलाइ निरन्तरता दिइनेछ। विद्युत विस्तार नभएका टोल तथा वस्तीहरुमा विद्युत विस्तार गर्न आवश्यक पहल गरिने छ ।

१७२. विपदमा परेकाहरुको उद्दार, राहत, पुनर्स्थापना र पुनर्निमाणको कार्यलाई सरोकार पक्षहरुसंग समन्वय गरी प्राथमिकता साथ अघि बढाइनेछ ।

१७३. जल उत्पन्न प्रकोप नियन्त्रण गर्न वायो इन्जिनियरिङ प्रविधिवाट बाढी पहिरो नियन्त्रण गरिनुका साथै "रुख जोगाऔं, विरुवा रोपौं" भन्ने अभियान मार्फत वृक्षारोपण कार्यक्रम सन्चालन गरिनेछ ।

**(ङ) <u>संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन</u> :**

१७४. केराबारी गाउँपालिकाको डिजिटल प्रोफायललाई अध्यावधिक गरीनेछ ।

१७५. आर्थिक तथा प्रशासनीक चुस्तता सहित सुशासन कायम गर्न गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकालाई प्रभावकारी कार्यान्वयन गरीनेछ ।

१७६. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र जनउत्तरदायी बनाउनुका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण जस्ता कार्यक्रमहरु मार्फत जनताको गुनासो सुनुवाइ र उचित सम्बोधनको व्यवस्था मिलाईनेछ ।

१७७. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ ।

१७८. टोलविकास संस्थाहरुलाई खारेज गरी टोल विकास समितिमा रुपान्तरण गरीनेछ।

१७९. प्रभावकारी सेवा प्रवाह गरी सुशासन कायम गर्न संगठन तथा व्यबस्थापन सवेक्षण (O&M) अनुसार कर्मचारीहरुको व्यवस्थापन गरीनेछ ।

१८०. ई-हाजिरीलाई गाउँपालिका अन्तरर्गतका निकाय तथा संस्थाहरुमा क्रमशः विस्तार गर्दै ब्यबस्थित गरीनेछ।

१८१. ई-गभरनेन्स प्रणालीको विस्तार गर्दै गाउँपालिकाका सबै प्रशासनिक सेवा तथा अभिलेखलाई डिजिटल प्रणालीमा रुपान्तरण गरीनेछ ।

१८२. अनलाईन सेवा प्रबाहको विकास गर्दै सिफारिस दर्ता कर भुक्तानी गुनासो ब्यबस्थापन लगायतका सेबाहरु अनलाईन माध्यमबाट उपलब्ध गराईनेछ ।

१८३. गाउँपालिकाको डिजिटल डाटा सुरक्षित राख्न ब्यकअप साईबर सुरक्षा तथा डाटा संरक्षण प्रणाली लागु गरिनेछ ।

१८४. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सुचना प्रबिधि सम्बन्धि क्षमता अभिबृद्दी तालिम सञ्चालन गरीनेछ ।

१८५. पुराना प्रशासनिक कागजातहरुलाई डिजिटाईजेसन गरिनेछ। पुराना अभिलेख संकलन गरी अभिलेखालय स्थापना गरिनेछ।

१८६. स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने विषयहरुमा कार्य सम्पादन गर्न आवश्यक कानुनहरु निर्माण गर्दै लगिनेछ ।

१८७. गाउँपालिका क्षेत्रमा सञ्चालित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाईनेछ ।

१८८. न्युन वेरुजुको नीति अवलम्वन गरिने छ । महालेखापरिक्षकले औल्याएका बेरुजुहरु सिघ्र फन्छर्योटको व्यवस्था मिलाइनेछ ।

१८९. स्थानीय तहमा पारदर्शीता र सुशासनको प्रत्याभुति दिलाउन सूचना प्रणालीलाई व्यवस्थित गर्न विद्युतिय सुशासनमा जोड दिइनेछ ।

अन्त्यमा , केराबारी गाउँपालिका बासीले हामीलाई सुम्पिएको जिम्मेवारी र विश्वास मूलतः सुशासन सहितको विकास र समृद्धिको जनआकांक्षा सम्पन्न गर्न म लगायत सम्पुर्ण गाउँसभा सदस्यज्यूहरु यस महान अभियानमा निरन्तर लागि पर्ने बिश्वास व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाउँपालिकाले परिलक्षित गरेका लक्ष र अपेक्षित नतिजा हाँसिल हुने विश्वास लिएको छु । अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्ने सिलसिलामा मार्गदर्शन गर्नुहुने संघीय सरकार, कोशी प्रदेश सरकार, माननीयज्यूहरु, गाउँपालिकाका पदाधिकारीहरू स्थानीय राजनैतिक दल, सम्पूर्ण सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, गाउँवासी आमाबुबा, दाजुभाई तथा दिदीवहिनीहरु एवं प्रमुख प्रशासकीय अधिकृत सहित राष्ट्रसेवक कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।।**

**जय केराबारी ।।।**